अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।२५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी इच्छाकुमार श्रेष्ठसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन बुटवलका डिभिजन प्रमुख इच्छाकुमार श्रेष्ठ र इन्जिनियर सन्तोषकुमार दास** समेतका प्रतिवादीहरु उपर आ.ब. २०७४।०७५ मा नवलपरासी जिल्लाको सरावाल गाउँपालिका पेटवनिया डिप ट्युवेल-३ मा OH tank and Pump house, MS Fittings, Washout box, Surgeriser,Outlets Upvs pipe निर्माण कार्यमा जडान नै नभएका समानहरु उल्लेख गरी भुक्तानी भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ग) र (ङ) बमोजिमको कसुरमा रू.१,२०,०००।- बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद र जरिवानाको सजाय हुन र उक्त विगो सोही ऐनको दफा ८(१) बमोजिम असुलउपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १९(२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९(२) बमोजिम सजायसमेत हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।११।२३ को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल